# शम्भुनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कठौना, सप्तरी
## मधेश प्रदेश, नेपाल

फोन नं. ०३१-४१०१११


पत्र संख्याः २०८०/०८१ चलानी नं.

## सूचना ! सूचना !! सूचना !!!
## आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मितिः २०८१/०३/१९ गते**

शम्भुनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कठौना, सप्तरीले स्थानीय सरकार संचालन ऐन, २०७४ मधेश प्रदेश र शम्भुनाथ नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दररेटका आधारमा बिज्ञापन कर संकलन गर्न ३ (तिन) आ.ब. को लागि ठेक्का बन्दोबस्ती गर्न रीतपुर्वक १५ (पन्ध्र) दिने शिलबन्दी दरभाउ पत्र आह्वान गरीएको छ । योग्यता पुगेका इच्छुक फर्म/कम्पनीले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बिज्ञापन कर**

| ठेक्का नं. | न्युनुत्तम कबोल रकम (भ्याट समेत) रु. | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|
| ३२/२०८१/०८२ | **रु. ८६,३५०.०० (एक आर्थिक बर्षको लागि)** | रु. ५००.०० | |

**नियम तथा शर्तहरु:**

१. बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम यस नगर क्षेत्र भित्र होडिङ्ग बोर्डबाट बिज्ञापन गर्न चाहने संघ/संस्था, एजेन्सी, व्यवसायीहरु लगायतले यस नगरपालिकाबाट अनुमति पत्र लिनुपर्नेछ ।
२. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ। एउटा फाराममा एक मात्र पोखरीको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ।
३. शिलबन्दि दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिः २०८१ साउन २ गते बुधबार १२:०० बजे सम्ममा कार्यालयमा खरिद गर्नु पर्नेछ।
४. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिः २०८१ साउन २ गते बुधबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
५. शिलबन्दि दरभाउ पत्र मिति २०८१ श्रावण ३ गते बिहिबार दिनको १:०० बजे खोलिनेछ ।
६. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ ।
७. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन ।
८. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ ।
९. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर तथा नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि शिलबन्दी खाममा राख्नु पर्नेछ ।
१०. यो ठेक्काको अबधी अगामी आ.ब. २०८१/०८२ देखि आ.ब. २०८३/०८४ को असार मसान्त सम्म जम्मा तिन बर्षको लागि लागु हुनेछ ।
११. ठेक्का साकार गरेको अङ्कमा प्रति बर्ष १०% का दरले बृद्धि गरी रकम बुझाउनु पर्नेछ ।
१२. यो ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१००३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ।
१३. दोस्रो बर्षको लागि ठेक्का कबोल गरेको अङ्कको १० प्रतिशत थप गरी हुन आउने रकम २०८२ श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ तथा तेस्रो बर्षको लागि ठेक्का कबोल गरेको अङ्कको दोस्रो बर्षमा बुझाएको रकममा १० प्रतिशत थप गरी हुन आउने रकम २०८३ श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ ।
१४. बिज्ञापन कर संकलन गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को अधिनमा रहि संकलन गर्नु पर्नेछ ।
१५. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन ।
१६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१७. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।
१८. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको देखि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन ।
१९. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।

.................................
प्रमुख प्रशासकीय अधिकृत